# आर्थिक वर्ष २०८३/०८४ को
# नीति तथा कार्यक्रम

## गुराँस गाउँपालिका, दैलेख
## कर्णाली प्रदेश
## २०८३/०३/०२

**गाउँ सभाको १८औं अधिवेशनमा उपस्थित प्रमुख अतिथि तथा सभा सदस्य ज्यूहरु, सभा अवलोकन दिर्घामा रहेका आमन्त्रित महानुभावहरू र राष्ट्रसेवक कर्मचारीहरु।**

नेपालको संविधान २०७२ अनुसार नेपाल स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी लोकतन्त्रात्मक, समाजवाद उन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा स्वर्णिम अक्षरमा संविधानको दस्तोवजमा राखिए पश्चात समग्र राज्य संघीयताको कार्यान्वयनको पूर्व चरण पार गर्न लागेको अवस्था छ । राज्यका निर्देशक सिद्धान्तहरु, अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा गरेका ऐक्यवद्धता, दीगो विकासका लक्ष्य प्राप्तीको लागि राष्ट्रले तयार पारेका दीर्घकालीन सोच रणनीति र कार्ययोजना सहित गुराँस गाउँपालिकाले सोही बमोजिम तयार पारेको ***"सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"*** भन्ने नाराको मूल मर्म अनुसार सुखी र समृद्ध गुराँसबासीको जीवनयापन भन्ने मुल उदेश्य तथा सामाजिक न्यायको सिद्धान्तलाई आत्मसाथ गर्दै सामाजिक, आर्थिक, वातावरणीय र सुशासनमा व्यापक सकारात्मक सुधार सहितको समाजवाद उन्मुख अर्थ व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने दिशातिर लम्किरहेको गुराँस सरकारको १८औं अधिवेशनमा आ.व. २०८३।०८४ को नीति तथा कार्यक्रम यस सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुश गरेको छु । यस अवसरमा गुराँस सरकारसंगै हातेमालो गर्न सहकार्य सम्पूर्ण गुराँसबासी आमाबुवा, दाजुभाई, दिदीबहिनी तथा आम नागरिकहरुमा हार्दिक सम्मान सहित धन्यवाद प्रकट गर्न चाहन्छु ।

यस सुखद अवसरको खातिर देशको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, स्वाभिमान र समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्न इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनहरु, सशस्त्र द्वन्द, गत भाद्र २३/२४ को नवयुवा आन्दोलनमा जीवन उत्सर्ग प्रातः स्मरणीय ज्ञातअज्ञात वीर शहिद एवं सपूतहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै, अधिकार प्राप्तिका विभिन्न आन्दोलनका क्रममा घाइते अपाङ्ग र वेपत्ता भएका व्यक्तिहरु, ज्यानको

प्रवाह नगरी कर्णाली प्रदेश प्राप्तिको आन्दोलनमा सहभागी भई महत्वपूर्ण योगदान पुऱ्याउनुहुने वीर योद्धाप्रति समेत उच्च सम्मान र घाईते व्यक्तित्त्वहरुको शीघ्र स्वास्थ्य लाभको कामना व्यक्त गर्न चाहन्छु ।

**सभाका प्रमुख अतिथि ज्यू,**

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,**

गुराँसबासीलाई आफ्नो इतिहास र स्वाभीमान, संघर्ष र बलिदान, परिवर्तन र उपलब्धिप्रति गौरव बोध गराउन, जनतामा गुराँस सरकार प्रति थप आशा विश्वास र भरोसा स्थापित गर्न, आर्थिक गतिशीलता बढाउन, भ्रष्टाचार नियन्त्रण गर्न, दण्डहीनता र सामाजिक कुरीतिको अन्त्य गर्न गुराँस सरकार प्रतिवद्ध रहेको कुरा जानकारी गर्न चाहान्छु । गुराँस सरकारले विगत नौ बर्ष देखि हरेक बर्षमा नीति तथा कार्यक्रम तयार पार्दै गर्दा हामी निर्वाचित भए पछिका नीति तथा कार्यक्रमहरु संघीयताको मर्म एवं राज्यका निर्देशक सिद्धान्तहरु, देशको संविधान, अन्तराष्ट्रिय स्तरमा गरिएका प्रतिवद्धता, राज्य द्वारा अवलम्वन गरिएका दीगो विकासका लक्ष्यहरु, भौतिक विकासका साथै मानव विकास सूचकांक, संघीय एवं प्रादेशिक सरकारबाट जारी गरिएका नीति, निर्देशन, मापदण्ड, सोच, रणनीति र कार्ययोजनाका आधारका साथै विभिन्न क्षेत्रसंग सम्बन्धित विज्ञ एवं सरोकारवालाहरु, राजनीतिक दल, विकास साझेदार संघ संस्थाका सुझाव, नागरिक, समुदाय र वस्तीस्तरबाट अपेक्षा गरिएका नीति, योजना, र कार्यक्रमसंगै मागपत्रहरु, विकासका नवीनतम सिद्धान्तहरु, गुराँस गाउँपालिका क्षेत्रको भूगोल र सामाजिक परिवेश सुहाँउदो नीति, गुराँस गाउँपालिकाको प्रथम आवधिक योजना, गुराँस गाउँपालिकाले तयार पारेका दीर्घकालीन रणनीतिहरु र नागरिकको जनभावनालाई केन्द्रविन्दु मानी गुराँस गाउँपालिकाको सम्पूर्ण आवश्यकताहरुको अधिकतम सम्वोधन गर्ने प्रयास गरिएको छ ।

नागरिकको सर्वोत्तम हित प्रवर्द्धन र स्वाभिमानको संरक्षण गर्ने, प्रशासनिक कार्यलाई प्रविधिमैत्री, विकासमैत्री र जनमैत्री बनाउने, अनावश्यक अनुत्पादक क्षेत्रमा हुने फजुल खर्च कटौती गर्दै खर्चमा मितव्ययिता कायम गर्ने, पूर्वाधार निर्माणसंगै शासकीय सुधारका

पक्षहरुमा उपलब्धिमूलक लगानी बढाउने, वित्तीय अनुशासन मार्फत गुराँस गाउँपालिकालाई समृद्धिको दिशातिर डोहोऱ्याउने जस्ता उद्देश्य लाई निरन्तरता दिने र सामाजिक मूल्य मान्यताको संरक्षण गर्ने लक्ष्य लिएका छौं । संघीयताको कार्यान्वयको चरणमा हालसालै नागरिकस्तरमा देखिएका असन्तुष्टि, वितृष्णा अविश्वास र शंकाको घेरालाई चिर्नको लागि गुराँस सरकार तदारुकताका साथ लागी पर्नेछ र यसको लागि सम्पूर्ण सभा सदस्यहरु र आम नागरिकहरुले साथ दिनुहुनेछ भन्ने विश्वास लिएको छु ।
देशको समग्र आर्थिक अवस्था आफैमा कमजोर रहनु, राजश्वका दरहरुमा मात्र वृद्धि गरि नागरिकहरु मारमा परेको जनगुनासो आएको अवस्था र वैदेशिक ऋण, अनुदान, दातृ निकायको साझेदारी सहयोग र विप्रेषणको वरिपरि रहेको अवस्थामा नागरिकका आवश्यकताको सम्वोधन गर्न स्थानीय सरकारलाई समेत चुनौती रहेको छ ।यद्यपि हामीले जनतालाई बाचा गरे अनुसार हाम्रो आर्थिक अवस्थाले सकेजति भरपुर र अधिकतम चाहानाको पूर्ती गर्नतर्फ हाम्रो ध्यान केन्द्रित रहेको छ । स्थानीय तहले एक आपसमा भौतिक विकास र मानव विकासका सूचाङ्कमा एक अर्कालाई उछिन्ने प्रतिस्पर्धा गरिरहेको वर्तमान परिप्रेक्ष्यमा सबै क्षेत्रमा खरो रुपमा उत्रिनु पर्ने चुनौती संगसंगै आफुसंग भएको योग्यता क्षमतालाई उजागर गर्ने र आफ्नो गाउँ ठाँउको विकासलाई समाज रूपान्तरणको माध्यम बनाउने अवसर हामी बीच विद्यमान छ ।

**गाउँ सभाका प्रमुख अतिथि ज्यू**
**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,**

स्थानीय तहको अभ्यासको यो नौ ९ वर्षको अन्तरालमा जनताको पक्षमा जति असल काम हामी जनप्रतिनिधि र स्थानीय तहका राष्ट्रसेवक कर्मचारीले गर्न सक्छौं, त्यति नेपालको संघीय गणतन्त्रात्मक व्यवस्था स्थापित हुँदै जाने कुरामा दुईमत छैन जति सौहार्द, आत्मियता र आत्मविश्वास राजनीतिकर्मी एवं जनप्रतिनिधी र राष्ट्रसेवक कर्मचारी बीच बढ्दै जान्छ त्यति सरकार र सरकारी संयन्त्र मात्र होइन राजनीतिक दल र व्यवस्था प्रति जनताको विश्वास पनि प्रगाढ हुँदै जाने कुरामा पूर्ण विश्वास हामीले गरेका छौं ।
सार्वजनिक सम्पत्तिको जगेर्ना गर्दै विगतमा हामीले सेवा प्रवाह गर्ने क्रममा भोग्नु परेका भौतिक संरचनाको अभाव होस् या शासकीय सुधारको क्षेत्रमा प्रयोग हुने नविनतम

प्रविधिको अभाव होस्, हामीले सो अवस्थाबाट गुराँस सरकारलाई माथि उठाउन सुहाउदो नीति तथा कार्यक्रम कार्यान्वयन गरी आधारभूत आवश्यकताहरु पुरा गरेको अवस्था छ। यस अवधिमा अनावश्यक खर्च कटौती , वेरुजु फर्छ्यौट न्यूनीकरण, स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनका सबै सूचकांक र नीति, विधि र कानूनी व्यवस्थाको अवलम्वन, एकीकृत कार्यालय व्यवस्थापन, नमस्ते गुराँस अनलाईन गुनासो व्यवस्थापन, र समग्रमा प्रशासनिक कार्यमा उल्लेखनीय सुधार संगसंगै न्यायिक समितिको कार्यक्षमतामा शत प्रतिशत विकास गरेका छौं ।पालिकाको सीमित आन्तरिक आयमा नागरिकका असीमित आवश्यकता पूर्ती गर्न हामीले प्रगतिशील करको सिद्धान्तको आधारमा नागरिकमैत्री कर संकलन गर्न करका दर र दायरामा वैज्ञानिक पद्धति अपनाएर आन्तरिक आयमा केहि प्रतिशतले वृद्धि गर्न सक्षम भएपनि संघीय सरकार र प्रदेश सरकारको प्रत्यक्ष सहकार्य र सहयोगमा स्थानीय सरकार संचालन गर्नुपर्ने अवस्थामा छ ।

असीमित आवश्यकता सीमित स्रोत साधनको बावजुद पनि हामी निर्वाचित भएको पहिलो बर्षमा हामीले पूर्वाधार विकास, निर्माण तथा मर्मतको कार्यलाई विशेष प्राथामिकता राखेर काम गरेका थियौं भने दोस्रो बर्ष मानव विकास सूचकांकका आधारमा रहेर गुराँस गाउँपालिकाको नीति तथा कार्यक्रम तय गरि कार्यान्वयन गरेका थियौं ।तेस्रो वर्षलाई शासकीय सुधार, संस्थागत क्षमता विकास र गुणस्तरीय सेवाप्रवाहलाई मूल मर्मका रुपमा नीति तथा कार्यक्रमलाई अगाडि बढाएका थियौं ।चौथो वर्षलाई दीगो विकास लक्ष्यलाई अनुशरण, बेरुजु फर्छ्यौट, नागरिकमैत्री शासन व्यवस्था स्थापना र जनताको हीत तथा स्वाभिमान संरक्षण गर्ने वर्षको रुपमा नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरेका थियौं ।पाँच वर्षे कार्यकालको अन्तिम वर्षको रुपमा आउने यस नीति तथा कार्यक्रममा विगत ४ वर्ष देखि निरन्तर चलिरहेका योजना तथा कार्यक्रमको सम्पन्न गर्ने, अन्तर सरकार समन्वय र सहकार्यलाई प्रगाढ बनाउने, मितव्ययी र दीगो प्रतिफल दिने कार्यक्रम सञ्चालन गर्ने एवं २०८४ मा निर्वाचित भई कार्यभार सम्हाल्ने गुराँस सरकारलाई गुराँसबासी र गुराँसको विकास निर्माणमा मार्गनिर्देशन गर्ने नीति तथा कार्यक्रम अगाडि सारेका छौं ।

नेपाल सरकार र प्रदेश सरकारले तयार पारेका यस आर्थिक बर्षका नीति तथा कार्यक्रमहरुलाई समेत कार्यान्वयन गर्ने र त्यसको अलवा गुराँस सरकारका आफ्ना

रणनीति अनुरुप यस वर्षको बजेट नीति तथा कार्यक्रम शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, पर्यटन, खेलकुद, रोजगारको सुनिश्चितता, सुशासन प्रवर्द्धन, शासकीय सुधार, लक्षीत वर्ग, महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गगिक तथा यौनिक अल्पसंख्यक, राउटे समुदायको संरक्षण र नागरिकता लगायत अन्य आवश्यक क्षेत्रलाई प्रोत्साहन गर्ने जीवन उपयोगी कार्यक्रम गरिनेछ, साथै यूवा जनशक्ति लाई सीप, श्रम र रोजगार एव स्वावलम्वी भई बाँच्न आत्मनिर्भर हुने गरि विगत बजेटका राम्रा अभ्यासहरुलाई निरन्तरता दिदै थप आवश्यकताको परिपूर्ती गर्न विकास साझेदार संघ संस्थालाई समेत गुराँसमा लगानी गर्न आकर्षण गरिनेछ। विकासका पूर्वाधारहरु शिक्षा, स्वास्थ्य, खानेपानी र लक्षीत समुदायका कतिपय महत्वपूर्ण पक्षमा विकास साझेदार संघ संस्थाको यो सहकार्यको लागि हार्दिक धन्यवाद सहित गुराँस सरकार सहयात्राको लागि सदैव तयार रहेको जानकारी र प्रतिवद्धता समेत व्यक्त गर्न चाहान्छु ।

**गाउँ सभाका प्रमुख अतिथि ज्यू,**
**गाउँ सभाका सदस्य ज्यूहरु,**

स्थानीय तह निर्वाचनको दोस्रो कार्यकालमा गुराँस गाउँपालिकाको जनप्रतिनिधिको रुपमा निर्वाचित भएदेखि हाम्रो पहिलो उदेश्य पूर्वाधार निर्माण र मर्मत, मानव विकास, आर्थिक सामाजिक वातावरणीय र संस्थागत विकाससंगै शासकीय सुधारका माध्यमबाट नागरिकहरुलाई घरदैलोमा सेवा प्रवाह गरी गुणस्तरीय सेवालाई निरन्तरता दिने र गुराँसबासीको अधिकतम हीतको लागि प्रविधिमा आधारित रही विकासका नविनतम सिद्धान्तलाई आत्मसाथ गर्ने कुरा प्राथमिकतामा थियो र सोही बमोजिम वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण, सामुदायिक विद्युतीकरण सेवा, घर दैलोमै गर्भवती स्वास्थ्य जाँच तथा भिडियो एक्सरे सेवा, जेष्ठ नागरिक स्वास्थ्य जाँच सेवा, आँखा शिविर तथा मोतिविन्दको शल्यक्रिया, अशक्त तथा अपांगता भएकाको उपचार स्वास्थ्य शिविर, अनलाइन सिफारिस, वडा कार्यालयबाट नै योजना सम्झौता तथा कार्यान्वयन, पालिकाको प्रशासनिक केन्द्र तथा वडा कार्याल, स्वास्थ्य केन्द्र र विद्यालयमा ई हाजिरी, एकीकृत कार्यालय व्यवस्थापन, नेपाल टेलिकमसंगको सहकार्यमा फाईवर सहितको नेटवोर्क

विस्तार, मोबाइल फोनको टावर स्थापना र 4G तथा Landline सेवा सुचारु, गुनासो सम्बोधनको लागि नमस्ते गुराँस Portal सञ्चालन, उद्यमीहरुका लागि उपयोगी सीप विकास तालिम संचालन लगायतका विभिन्न सेवा प्रवाहको स्थानीय वडाबाटै कार्य सम्पादनको प्रारम्भिक थालनी यस अवधिमा गरिएको छ ।स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) को साझेदारीमा खानेपानी तथा सिंचाईका महत्वपूर्ण योजनाहरु सम्पन्न भएका छन् ।

यि कार्यलाई निरन्तरता दिदै आगामी आर्थिक वर्षमा टोल विकास समिति गठन एवं पुर्नगठन कार्यलाई निरन्तरता दिई वडा कार्यलयबाट सम्पादन हुने कतिपय कार्यहरु समिति संग समन्वय गरेर टोल टोलमा विस्तार गरिनेछ र सेवाको गुणस्तर र औचित्यतालाई नागरिकस्तरबाट पृष्ठपोषण लगेर त्यसलाई थप विस्तार गर्न सोही बमोजिम मानव संशाधनको व्यवस्थापन गरिनेछ । "घर घर धारा हाम्रो अविभारा" अभियानको तेस्रो चरणसम्म करिव २५०० घर धुरीमा खानेपानी सेवा प्रदान गरिसिकएको छ भने आगामी आर्थिक वर्षमा पनि यस कार्यक्रमलाई निरन्तरता दिदै खानेपानीको पहुँच हरेक घरमा सफा पिउने पानी पुर्‍याइने छ ।

पालिकामा जिल्ला स्तरीय कृर्षि विकास तथा तालिम केन्द्रको स्थापनासंगै रोजगार सृजना गर्न सवै शाखाहरु अन्तरगतका कामहरु लाई प्रभावकारी ढंगबाट संचालन गर्ने कार्यको थालनी गरिएको छ । यस विचमा अन्तरदेशिय र अन्तर्राष्ट्रियस्तरको पर्यटन विकास र प्रचारप्रसार तथा अन्तरदेशिय र अन्तर्राष्ट्रिय भगिनी सम्बन्ध स्थापित गरी एक आपसमा सामाजिक, साँस्कृतिक र आर्थिक सम्वन्ध स्थापित गर्ने कार्यक्रम अघि बढाइएको छ । यसैबीच, गाउँपालिका स्थापना दिवसको शुरुवात, गुराँस भू-उपयोग नीति निमार्ण, संगठन तथा व्यवस्थापन सर्भेक्षण लगायत विभिन्न आवश्यक ऐन-१८, निर्देशिका-३, कार्यविधि-३८, मापदण्ड(१, आचारसंहिता(२ र सूचक-१ वटा निर्माण गर्ने महत्वपूर्ण कार्यहरु सम्पन्न भएका छन् । अन्य आवश्यक ऐन, नियम, कार्यविधि चालु आर्थिक वर्षको पुष मसान्तसम्म सम्पन्न गर्ने र चालु आर्थिक वर्षको सार्वजनिक सुनवाई वडादेखि पालिकास्तरमै सम्पन्न गरी प्राप्त सवै वडा, पालिका भरका विषयगतक्षेत्र, शाखालगायतको कार्य प्रगति विवरण, विषयगत तथा शाखाहरुको हरेक चौमासिक रुपमा र समग्र आर्थिक वर्षको विस्तृत विवरण हरेक आर्थिक वर्षको अन्तमा जनता समक्ष पेश गर्ने हेतुले प्रकाशित गर्ने कामको थालनी समेत गरिएको छ ।चालु आ. व. को पूर्ण कार्य प्रगति

विवरण आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र प्रकाशित गरिने व्यहोरा समेत सम्मानित सभा समक्ष अवगत गराउँदछु ।

**प्रमुख अतिथि ज्यू,**

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

गुराँस गाउँपालिकाले समष्टिगत लक्ष्य प्राप्तिका लागि देहाय बमोजिम विषय क्षेत्रगत वृहत उद्देश्य लिएको निवेदन गर्न चाहन्छु ।

१. सेवा, उत्पादन, रोजगारी, आयमा समतामूलक, गुणात्मक र दिगो वृद्धि गर्नु,

२. स्वस्थ, शिक्षित र दक्ष मानव स्रोतको विकास र सामाजिक न्यायको प्रवर्द्धन गर्नु,

३. बसोबास, सेवा सुबिधा र अन्तर—आवद्धता सहज, व्यवस्थित र उत्थानशील बनाउनु,

४. जैविक विविधता तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा विपद् उत्थानशीलतामा अभिवृद्धि गर्नु,

५. सेवा प्रवाह र विकास प्रक्रियालाई सहज, समावेशी, नतिजामूलक र जवाफदेही बनाउनु ।

**प्रमुख अतिथि ज्यू,**

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

**गाउँपालिकाको समग्र विकास र समृद्दिका लागि तपसीलका अवसरहरु रहेका छन् ।**

१. कृषिका लागि उत्पादनशील उर्वर भूमिमा सिँचाईको भरपर्दो व्यवस्था गरी खाद्यान्न तथा नगदे बाली उत्पादनमा वृद्धिका साथै व्यवसायिक खेती गर्न सकिने ।
२. पशुपालन, पंक्षीपालन, मौरीपालन, माछापालन व्यवसायबाट अर्थोपार्जन गर्न सकिने ।
३. वेमौषमी खेती, अर्गानिक खेती तथा फलफुल खेतीका माध्यमबाट आय आर्जन वृद्दि गर्न सकिने ।
४. गाउँपालिकामा उत्पादित वस्तुहरु कर्णाली राजमार्ग र सुर्खेत दैलेख सडक हुँदै देशका विभिन्न भागहरुमा लैजान सकिने ।
५. गुराँसे टावरको प्रचार प्रसार गरी आन्तरिक पर्यटन प्रवर्धन गर्न सकिने ।

६. गाउँपालिकाका रमणीय क्षेत्रहरु, साँस्कृतिक विविधता र पहिचानको उपयोग गरी बहु—आयामिक पर्यटनको विकास गर्न सकिने ।
७. खाली स्थान तथा रमणीय पार्क निर्माण गर्दै गाउँपालिकाको सौन्दर्य वृद्धिका साथै पर्यटक भित्र्याउन सकिने ।
८. गाउँपालिका क्षेत्रमा विद्यमान श्रोतहरु—जल, जंगल, जडिबुटी, नदीजन्य पदार्थ तथा खनिज जस्ता श्रोतहरुलाई विकास कार्यमा उपयोग गर्न सकिने ।
९. युवाशक्तिलाई मानवीय पूँजीको रुपमा विकास र परिचालन गरी आर्थिक रुपान्तरणका क्षेत्रमा सहभागी गराउन सकिने ।
१०. राज्यको पुनर्संरचना पश्चात स्थानीय तहमा उल्लेख्य जिम्मेवारी र बजेट प्रवाह भएको छ, यसलाई उत्साहका साथ सदुपयोग गरी आर्थिक समृद्धिमा थप टेवा पुऱ्याउन सकिने ।
११. शैक्षिक संस्थाहरुमा सबैको पहुँच सुनिश्चित गर्दै गुणस्तरीय शिक्षा मार्फत असल, दक्ष, क्षमतावान र सीपयुक्त नागरिक तयार गरी आर्थिक तथा सामाजिक क्षेत्रमा अधिकतम लाभ लिन सकिने ।
१२. गाउँपालिका भित्रका स्वास्थ्य सेवा केन्द्रहरुबाट स्वास्थ्य सेवा प्रवाह गर्नुका साथै विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालहरुसंग साझेदारी गरी घुम्ती सेवा मार्फत स्वास्थ्य सेवालाई नागरिकको घर घरसम्म पुऱ्याउन सकिने ।
१३. गाउँपालिका पूर्ण खोप सुनिश्चता तथा दीगोपनाको निरन्तरता दिन सकिने ।
१४. विभिन्न आमा समूह, महिला समूह, किशोरी समूह, सहकारी संस्था गठन र स्थापना भई महिला जागरण र विकासमा टेवा पुऱ्याउन सकिने ।
१५. न्यायिक समिति र मेलमिलाप केन्द्रबाट समाजमा सु—व्यवस्था कायम गर्न सकिने ।
१६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका माध्यमबाट नागरिकलाई गाउँपालिकाको विकास र समृद्धिमा सारथी बनाउन सकिने ।

१७. आवधिक योजना, भू—उपयोग योजना, सडक तथा यातायात गुरुयोजना र कृषि रणनीतिक गुरुयोजना मार्फत गाउँपालिकाको विकासलाई व्यवस्थित बनाउन सकिने ।

१८. सुन्दर, समृद्ध र सुशासित गाउँपालिका निर्माणका लागि सामुहिक प्रतिवद्धता निर्माण गर्न सकिने ।

१९. सामुदायिक विद्युतीकरण माध्यमबाट गाउँपालिकाको सबै वडा/क्षेत्रमा विद्युत लाईन विस्तार गर्न सकिने ।

२०. स्थानीय विपद् व्यवस्थापन समितिको गठन र परिचालनबाट विपद् व्यवस्थापनका क्षेत्रमा यथोचित निर्णय र कार्यक्रम गर्न सकिने ।

२१. नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन अनुसार गाउँपालिकालाई प्राप्त अधिकार एवं दायित्वलाई व्यवस्थित गर्ने सन्दर्भमा आवश्यक कानूनहरु तर्जुमा गरी कार्यान्वयन गर्न सकिने।

२२. निर्वाचित जनप्रतिनिधिहरुको आकांक्षा र आत्मविश्वासलाई नागरिकका चाहना र आवश्यकता परिपूर्ति गर्न परिचालन गर्न सकिने ।

२३. विद्युतीय शासन पद्धति अन्तरगत सूचना र प्रविधिको प्रयोगलाई जनमैत्री एंव व्यवस्थापनमुखी बनाउन सकिने ।

२४. विकास निर्माणमा जनसहभागिताको दरलाई वृद्धि गर्न सकिने ।

२५. गाउँपालिकाको संस्थागत विकास गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त, सहज र प्रभावकारी बनाई सुशासनको प्रत्याभूति मार्फत स्थानीय सरकार प्रति नागरिकको विश्वास जित्न सकिने ।

उपरोक्त अवसरहरुलाई परिणाममा बदल्न तपसीलका चुनौतीहरु पनि संगै रहेका छन् ।

**चुनौतीहरुः**

१. आवश्यक साधन श्रोतको अभावमा बढ्दो जन आवश्यकता परिपूर्ति गर्ने ।

२. अव्यवस्थित जग्गा विकास र आन्तरिक बसाइसराई जस्ता गतिविधिले कृषि उत्पादनमा आइरहेको ह्रासलाई व्यवस्थित गर्ने ।
३. अतिक्रमणको चपेटामा परेको सार्वजनिक जग्गाको नियन्त्रण र संरक्षण गर्ने ।
४. कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गर्ने पक्षलाई साकार पार्न परम्परागत कृषि प्रणाली र अप्रयाप्त सिँचाई जस्ता विषयहरुको व्यवस्थापन गर्ने ।
५. स्वरोजगार तथा आय आर्जनका कार्यक्रम सञ्चालन गरी गाउँपालिकामा रहेको विद्यमान बेरोजगारीलाई रोजगारीको अवसर सिर्जना गर्ने । श्रम पलायनलाई रोक्ने ।
६. गाउँपालिकाको विद्यामान श्रोतको पहिचान र परिचालन गर्ने ।
७. शैक्षिक संस्थाहरुको पठनपाठनमा गुणस्तरीयता कायम गर्ने ।
८. स्वास्थ्य संस्थाहरुमा well equipped, trained man power को व्यवस्थापन गर्ने ।
९. सम्पूर्ण गाउँपालिकालाई घरेलु हिंसा मुक्त घोषणा गर्ने ।
१०. बालमैत्री, अपाङ्गमैत्री संरचनाहरुको व्यवस्थापन गर्ने ।
११. हिंसा पिडीत तथा वेवारिसेहरुको लागि पुर्नस्थापना केन्द्रको व्यवस्था गर्ने ।
१२. लैङ्गिक, जातीय र धार्मिक विभेदलाई बल पुऱ्याउने अन्धविश्वास, कु—संस्कार, कु—प्रथा एवं परम्पराबाट समाजलाई मुक्त गर्ने ।
१३. समाजमा बढ्दै गएको जेष्ठ नागरिकहरुको संख्यालाई उचित स्याहार र संरक्षण गर्ने ।
१४. राउटे समुदायको संरक्षण र सामाजिकीकरण गर्ने ।
१५. खानेपानी आपूर्ति तथा सरसफाई व्यवस्थापन भरपर्दो बनाउने ।
१६. सडक, नाली निर्माण र भवन निर्माण जस्ता पूर्वाधारहरुमा विद्यमान राष्ट्रिय मापदण्ड प्रणालीलाई अवलम्बन गर्ने ।
१७. सार्वजनिक तथा निजी सवारी साधनको पार्किङ्गको व्यवस्थापन गर्ने ।
१८. टिनका छाना भएका विद्यालय भवनहरुको छाना विस्थापन तथा नयाँ छाना परिवर्तन गर्ने ।

१९. विकासका साझेदारहरुको सहयोग, समन्वय र राजनैतिक प्रतिवद्धता जस्ता विषयहरुलाई निरन्तरता दिने ।

२०. गाउँपालिकामा बाह्रै महिना चल्ने सडक सञ्जालको विकासबाट कृषि, उद्योग, पर्यटन र उर्जाको विकास गर्ने ।

२१. विद्युत सेवालाई सर्वसुलभ बनाउने तथा सामुदायिक विद्युतीकरण प्रति नागरिकको अपनत्व वृद्धि गर्ने।

२२. प्लाष्टिकजन्य वस्तुको अत्यधिक प्रयोगबाट मानव स्वास्थ्य र कृषि योग्य भूमिमा पर्ने असरलाई नियन्त्रण गर्ने ।

२३. पशुपालन व्यवसायलाई भरपर्दो बनाउने तथा कृषिमा अत्यधिक प्रयोग हुने विषादीलाई नियन्त्रण गर्ने ।

२४. वन क्षेत्रको अतिक्रमण, वन विनास तथा डढेलो नियन्त्रण गर्ने ।

२५. आधुनिक प्रविधियुक्त जनशक्तिको व्यवस्थापन गर्ने ।

२६. गाउँपालिका केन्द्रलाई नीति निर्माण र वडा कार्यालयहरुलाई सेवा केन्द्रका रुपमा विकास गरी स्थानीय सरकार प्रति नागरिकको भरोसा जित्ने ।

२७. परम्परामा आधारित अनुगमन तथा मूल्यांकन पद्धतिलाई नतिजामा आधारित बनाई कार्यान्वयनमा ल्याउने ।

२८. गाउँपालिकालाई वित्तीय श्रोत साधनबाट आत्मनिर्भर बनाउने ।

**गाउँ सभाका प्रमुख अतिथि ज्यू,**

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले निम्न विषयहरुलाई आधारको रुपमा लिएको व्यहोरा यहाँ प्रस्तुत गर्न चाहन्छुः

क. नेपालको संविधान २०७२ (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

ज. स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. गाउँपालिकाका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको सोह्रौं योजना

ट. दीगो विकास लक्ष्य २०१६–२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु

ड. गाउँपालिको आवधिक योजना २०८१/८२-२०८५/८६

ढ. गाउँपालिकाको भू उपयोग योजना, २०८१

ण. गाउँ कार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

त. गाउँ कार्यपालिका तथा गाउँ सभाका निर्णयहरु

थ. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु ।

द. गाउँपालिकाको email तथा whatsapp मा प्राप्त सुझावहरु।

उपरोक्त आधारमा आगामी वर्षका योजना तथा बजेट कार्यक्रम छनौट गर्न निम्न प्राथमिकता क्षेत्र तोकिएका छन् । साथै वडास्तरबाट योजना तर्जुमा गर्दा समेत देहाय अनुसारका प्राथमिकताका आधारमा तर्जुमा गर्न निर्देशन गरिएको थियो ।

क. आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने योजना

ख. उत्पादनमूलक र छिटो प्रतिफल दिने योजना

ग. राजश्व परिचालन र आन्तरिक आयमा उल्लेख्य योगदान पुऱ्याउने योजना

घ. सेवाप्रवाह, संस्थागत क्षमता अभिवृद्धि र सुशासनमा योगदान पुऱ्याउने योजना

ङ. स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिताको अभिवृद्धि गर्ने योजना

च. लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि गर्ने योजना

छ. दीगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुऱ्याउने योजना

ज. स्थान बिशेषको कला, भाषा, संस्कृति पहिचान र प्रवर्धन गर्ने योजना

झ. लक्षित वर्गका जिविकोपार्जनमा सघाउ पुऱ्याउने योजना

ञ. गाउँपालिकाको दीगो आय वृद्धिमा सघाउ पुऱ्याउने योजना

**गाउँ सभाका प्रमुख अतिथि ज्यू,**

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**<u>आर्थिक विकासः</u>**

**कृषि विकासः**

१. उन्नत बिउ बिजन तथा मलको भण्डार स्थापना गर्नुका साथै विषादी न्यूनीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. सम्भाव्यताका आधारमा हरेक वडामा कृषि पकेट क्षेत्र निर्धारण गरिनेछ ।

३. आलु खेतीको क्षेत्र विस्तार तथा उत्पादनमा वृद्धि गर्न संघ सरकारको विशेष कार्यक्रम अनुसार आलुको मुल बिउ उत्पादन, सुपरजोन तथा पकेट क्षेत्र विस्तार र बजारीकरण कार्य अगाडि बढाइने छ ।यस कार्यक्रम अन्तर्गत आलुको पुरानो बिउ विस्थापन र नयाँ जातको बिउ प्रवर्द्धन कार्य गरिनेछ ।

४. स्थानीय रोतो आलु (मर्खे) लाई प्रवर्द्धन गरी गुराँसको पहिचानको रुपमा चिनाइनेछ ।

५. एक घर एक करेसाबारी तथा १५ फलफुल बिरुवा रोपण कार्यक्रम सञ्चालन गरिनेछ ।
६. प्लास्टिक टनेल हाम्रो, तरकारी तपाईहरुको  कार्यक्रम सञ्चालन गरिनेछ ।
७. खाद्यान्न बाली (धान गहु मकै) को उत्पादनमा जोड दिइने छ ।
८. कृषि यान्त्रिकरणमा कृषकहरुको पहुँच बढाउन कृषि यन्त्र उपकरणमा अनुदानको व्यावस्था गरिने छ ।
९. कृषि तथा पशु बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।
१०. कृषि उपजको भण्डारणका लागि संघ सरकारको सहयोगमा साझेदारीमा चिस्यान केन्द्रको स्थापना गरिने छ ।
११. आकस्मिक बाली संरक्षण सेवा तथा बाली उपचार शिविर  सुचारु गरिनेछ ।
१२. कृषि उत्पादन वृद्धि गर्न कृषकहरुमा प्राविधिक सेवा तथा तालिम व्यवस्था गरिनेछ ।
१३. व्यवसायिक तरकारी खेती गर्नलाई अनुदानको व्यवस्था गरिनेछ ।
१४. कृषि प्रसार सेवा टेवा कार्यक्रम सञ्चालन गरिनेछ ।
१५. माटो सुधारका लागि माटो परीक्षण मिनिल्याबको स्थापना तथा माटो  उपचारका लागि आवश्यक अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ ।
१६. रैथाने बालीहरुको बीउ संकलन गरी वीउ बैङ्कको स्थापना गरिने छ ।
१७. रैथाने बालीको उत्पादनमा विषेश अनुदानको व्यवस्था गर्नुका साथै उचित मूल्य तथा बजारीकरणको व्यवस्था गरीने छ ।
१८. गाँउपालिका भित्र रहेका बाझो जग्गाहरुको पहिचान गरी सामुहिक खेती प्रणालीमा विषेश अनुदानको व्यवस्था गरीने छ ।
१९. किसान सूचीकरण कार्यक्रम तथा कृषि, पशुपन्छी र मत्स्य अद्यावधिक कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. एक वडा एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

**पशुपंछीपालन**

२१. पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई व्यवस्थित बनाउन नीतिगत व्यवस्था गरिनेछ ।

२२. एक वडा एक पशुपंक्षी पकेट क्षेत्र विकास गरी उत्पादनमा जोड दिईनेछ ।

२३. पशुपंक्षीजन्य वस्तुको बजारीकरणका लागि उत्पादनकर्तालाई अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

२४. दाना उत्पादन उद्योग स्थापना गर्नलाई कृषकलाई अनुदानको व्यवस्था गर्ने नीति लिइनेछ ।

२५. कृतिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुको संख्या बृद्धि गरिनेछ ।

२६. पशुपंक्षीपालन क्षेत्रमा निजी, सहकारी तथा सरकारी क्षेत्रको लगानी अभिवृद्धि गर्ने नीति तथा कार्यक्रम लागू गरिनेछ ।

२७. पशुपंक्षीको स्वास्थ्य परीक्षणको लागि भेटेरिनरी क्लिनीक निर्माण गरिनेछ ।

२८. व्यवसायिक पशुपालन (गाई, भैसी, बाख्रा, बगुंर, कुखुरा) गर्नका लागि आवश्यक पूर्वाधार (फर्म) निर्माण गरिनेछ ।

२९. पशुपंक्षीको जात विशेष नमूना उत्पादन, तालिम, प्रशोधन र प्रदर्शन स्रोत केन्द्रहरूको विकास गरिनेछ ।

३०. पशुजन्य उत्पादन ( दुध, मासु, अण्डा, ऊन, छाला) आदिमा अनुदान रकमको व्यवस्था गरिनेछ ।

३१. स्थानीय बाख्रा तथा भैंसी संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

३२. रैथाने पशुपंक्षी तथा माछाका जातहरुको पहिचान गरि लगत तयार पारिने छ ।

३३. रैथाने पशुपंक्षी तथा माछा पालन गर्ने किसानहरुलाइ विषेश अनुदानको व्यवस्था गरिने छ ।

३४. रैथाने पशुपंक्षी तथा माछाको उत्पादन क्षेत्र तोकि उत्पादन कार्यमा संलग्न किसानहरुको लागि विषेश सुविधाको व्यवस्था गरिने छ ।

३५. पशुपंक्षीको पोषण सुधारको लागि आवश्यक नीतिगत व्यवस्था गरिने छ ।

३६. स्थानीयस्तरमा रहेका उच्च पोषण प्रोफाइल भएका घाँसको संरक्षण तथा प्रयोगमा उत्साहित गरि न्यून पोषण प्रोफाइल भएका घाँसको प्रयोगलाइ निरुत्साहित गरिने छ ।

३७. सुत्केरी पशु पोषण कार्यक्रम संचालन गरिने छ ।

३८. किसानहरुलाई उन्नत घाँसको बिउ तथा वेर्ना वितरण गरिने छ ।

३९. सार्वजनिक चरण क्षेत्रमा उन्नत जातका घाँसहरु रोपी संरक्षण तथा दिगो उपयोगको लागि नीतिगत व्यस्था गरिने छ ।

४०. रेविज रोग नियन्त्रण, पशुपन्छीमा लाग्ने महामारी र आकष्मिक रोग नियन्त्रण कार्यलाई प्राथमिकता दिइनेछ ।

**उद्योग तथा व्यवसायः**

४१. लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योग स्थापना र सञ्चालनमा प्रोत्साहन गरिनेछ ।

४२. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना कार्यलाई प्रोत्साहन गरिनेछ ।

४३. वार्षिक रुपमा गाउँपालिकास्तरीय हस्तकला प्रदर्शनी तथा प्रतियोगिता सञ्चालनमा सहजीकरण गरिनेछ ।

४४. स्थानीय उत्पादन प्रदर्शनी कक्ष तथा कोसेली घरलाई थप व्यवस्थित र आकर्षित गराइनेछ ।

४५. उद्योग वाणिज्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. प्रविधि अनुसन्धान र हस्तान्तरणमा सार्वजनिक, निजी बौद्धिक (Public Private Academic) सहकार्य गरिनेछ ।

४७. उद्योग सञ्चालनको लागि स्थानीय युवालाई प्राविधिक परामर्श तालिम र अनुदानको व्यवस्था गरिनेछ ।

४८. वैदेशिक रोजगारबाट फर्केका युवाको ज्ञान, सीप र अनुभवलाई प्रयोग गरी ग्रामीण व्यवसाय गर्न आवश्यक तालिम प्रदान गरिनेछ ।

४९. आलु चिप्स तथा आलुजन्य अन्य उद्योग स्थापनामा सहजीकरण तथा प्रोत्साहन गरिनेछ ।

५०. दुध डेरी र मासुजन्य उद्योग निर्माणमा उद्यमीलाई प्रोत्साहन गरिनेछ ।

५१. लघु उद्यमी सिर्जना, प्रविधि हस्तान्तरण तथा स्तरोन्नती कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५२. आरन व्यवसायलाई घरेलु तथा साना उद्योगको रुपमा विकास गर्न सहजीकरण गरिनेछ ।

**पर्यटनः**

५३. पर्यटकीय गुरु योजना निर्माण गरी गन्तव्य पहिचान गरिनेछ ।

५४. गुराँस क्षेत्रका धार्मिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाको संरक्षण र प्रचारप्रसार गरिनेछ।

५५. रानीमत्ता तथा भ्यू चुलालाई हिल स्टेशनको रुपमा विकास गरिनेछ र गुराँसे भ्यू टावरलाई गाउँपालिका मातहत ल्याइ सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

५६. धार्मिक तथा पर्यटन पैदावारको प्रचारप्रसार तथा प्रवर्द्धन गर्न भिडियो डकुमेन्ट्री तयार गरिनेछ ।

५७. एक वडा एक नमुना पर्यटकीय गन्तव्य विकास गरिनेछ ।

५८. गाउँपालिकाका प्रमुख पर्यटकीय क्षेत्रमा पूर्वाधार (मनोरञ्जन स्थल, वनभोज स्थल, होटल, रेष्टुँरा र होमस्टे) आदिको विकास गरिनेछ ।

५९. पर्यटकलाई मूख्य गन्तव्य स्थलसम्म पुऱ्याउन सुविधा सम्पन्न सडक मार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

६०. राउटे संग्रहालय स्थापना गर्न पहल गरिनेछ ।

**सहकारी तथा वित्तीय संस्थाः**

६१. सहकारी दर्ता/नवीकरण र नियमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

६२. "एक घर एक बैंक खाता" र "घरघरमा सहकारी" कार्यक्रम लागु गरिनेछ ।

६३. वित्तीय साक्षरता सम्बन्धी तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. वित्तीय संस्थाहरूको अनुगमन तथा वित्तीय अपराध र अपचलन न्यूनीकरणमा सहकार्य गरिनेछ ।

६५. हालको एक वडा एक सहकारीलाई विकसित र नागरिकमैत्री बनाइनेछ ।

६६. गाउँपालिकाका प्रमुख बजार केन्द्रहरूमा बैंकिङ तथा वित्तीय सेवाहरूको विस्तार तथा सेवा सुदृढीकरण (शाखा, अस्थायी बैंकिङ इकाई वा ATM मेसिन) गरिनेछ ।

६७. प्राथमिकता प्राप्त क्षेत्रमा सहुलियत ऋण कार्यक्रम सञ्चालनमा सहकार्य गरिनेछ ।

६८. सहकारी उत्पादन, बजारीकरण र बचत परिचालन गरिनेछ ।

६९. उद्यमशीलता विकास कोष स्थापना र सञ्चालनमा सहकार्य गरिनेछ ।

७०. एक सहकारी एक उत्पादन नीति अवलम्बन गरिनेछ ।

७१. सहकारी कानून अनुसार क्रियाकलाप सञ्चालन नगर्ने सहकारीलाई कानूनी दायरामा ल्याई निलम्बन तथा खारेजीको प्रक्रियामा लगिनेछ ।

७२. समग्र आर्थिक विकासलाई समेट्ने **पालिकास्तरीय आर्थिक विकास गुरुयोजना** निर्माण गरिनेछ ।

## सामाजिक विकास

**शिक्षा तर्फः**

७३. सामुदायिक विद्यालय भवनलाई भूकम्प प्रतिरोधी, अपाङ्ग, बाल तथा लैङ्गिकमैत्री बनाईनेछ ।

७४. हरेक विद्यालयमा व्यवस्थित शौचालय र खानेपानीको धारा निर्माण गरिनेछ ।

७५. सबै विद्यालयमा स्तरीय खेल मैदान तथा बाल उद्यान।बगैंचा निर्माण र घेराबार गरिनेछ ।

७६. प्राविधिक शिक्षा, प्रयोगात्मक शिक्षा तथा व्यवसायिक सीप विकास तथा तालिम पद्धतिलाई जोड दिइनेछ ।

७७. वडा नं ८ मा सम्पन्न भएको भवनमा प्राविधिक शिक्षालय स्थापनको पहल र विकास गरिनेछ ।

७८. डिजिटल तथा भर्चुअल मोडलको शिक्षण सिकाइ प्रविधि पूर्वाधारको व्यवस्थाका लागि संघ र प्रदेश सरकारसंग सहकार्य गरिनेछ ।

७९. मन्टेश्वरी तथा बाल सिकाई शिक्षण संस्थाको विकास गरिनेछ ।

८०. शिक्षक विद्यार्थी संख्या अनुपातको आकार र आवश्यकतानुसार गरी विषयगत शिक्षकको उचित व्यवस्थापन गरिनेछ ।

८१. शैक्षिक क्षेत्रलाई व्यवस्थित तथा गुणस्तरीय बनाउन शिक्षकलाई आवश्यक तालिम प्रदान गरिनेछ ।

८२. शैक्षिक प्रोफाइल तयार गर्नुका साथै स्थानीय शिक्षा योजना कार्यान्वयनमा जोड दिइनेछ।

८३. SEE करियर परामर्श तालिम प्रदान गरिनेछ ।

८४. विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्यायन प्रणाली (Accreditation System) विकास गरी सबै विद्यालयमा समान गुणस्तर कायम गरिनेछ ।

८५. लोक सेवा तथा शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

८६. स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

८७. संघ सरकारको सहयोगमा निशुल्क स्यानीटयारी प्याड, दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८८. सामुदायिक सिकाई केन्द्रलाई सीप तथा अनुभव आदान प्रदान केन्द्रका रुपमा विकास गरिनेछ ।

८९. संघ सरकारको सहयोगमा साझेदारीमा विद्यालय भवन निर्माण गरिनेछ ।

**स्वास्थ्यः**

९०. आम नागरिकहरुका लागि आधारभुत औषधि निः शुल्क उपलब्ध गराइनेछ।

९१. बालबालिकालाई पूर्ण खोप र अन्य आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गरी प्रसुती सेवालाई प्रभावकारी ढंगले सञ्चालन गरिनेछ ।

९२. प्रत्येक वडामा बर्थिङ सेन्टर, स्वास्थ्य चौकी, स्वास्थ्य केन्द्र तथा आवश्यक भवन, घेरबार, खानेपानी तथा सरसफाई, नियमित विद्युत उपलब्धता र अन्य पूर्वाधार, उपकरण र जनशक्तिको व्यवस्था गरिनेछ ।

९३. महामारीको पूर्वतयारी, सर्ने तथा नसर्ने रोग र मानसिक रोग नियन्त्रण तथा रोकथामका लागि प्रतिकार्य योजना बनाई लागु गरिनेछ ।

९४. स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी एक्स रे, ल्याब तथा २४ औ घन्टा स्वास्थ्य परामर्श सेवागरिनेछ ।

९५. एम्बुलेन्स सेवालाई नियमित गरिनेछ ।

९६. हरेक संस्थामा आकस्मिक  कोष सञ्चालन गरिनेछ ।

९७. एक वडामा कम्तीमा एक स्वास्थ्य संस्था रहनेछ ।

९८. गाउँपालिकको हेल्थ प्रोफाईल निर्माण गरी अपडेट गरिनेछ ।

९९. १५ शैयाको आधारभूत अस्पतालबाट सेवा सुचारु गरिनेछ ।

१००. बालबालिकालाई पूर्ण खोप दिगोपनाका लागि हरेक वर्ष वडा तथा पालिकालाई पूर्ण खोप सुनिश्चीतता तथा घोषण गरिने छ ।

१०१. सबै खोप केन्द्र तथा गाउघर क्लिनिकको आफ्नै भवन बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

१०२. गर्भवती र सुत्केरी महिलालाई पोषिलो खाना खान र उत्पादनका लागि प्रोत्साहन गरिने छ ।

१०३. ऐभरेष्ट क्लब दैलेखको सहकार्यमा बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिनुका साथै पोषण मिललाई गुणस्तरीय पोषणयुक्त उत्पादन गर्ने उद्योग रुपमा विकास गरिनेछ ।

१०४. वर्थिङ्ग सेन्टर २४ सै घण्टा सेवा सञ्चालन गर्न व्यवस्था गरिनेछ ।

१०५. सबै बर्थिंग सेन्टरहरुमा गर्भवती प्रतिक्षा कक्ष सेवा तथा सुकेरी २४ घण्टा सम्म बस्नका लागि खान र बस्न व्यवस्थापन गरिनेछ ।

१०६. बालबालिका, किशोर किशोरी, गर्भवती महिला र जेष्ठ नागरिकलाई स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गरिनेछ ।

१०७. आम नागरिक स्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना अभिवृद्धि गरी जनस्वास्थ्य अभियान र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०८. गर्भवती, सुत्केरी , किशोर किशोरीहरु र बिशेष गरि ०-५९ महिनाका बालबालिकाहरुको पोषण अवस्थालाई ध्यानमा राख्दै पोषण मैत्रि वडा, स्वास्थ्य संस्था पालिका घोषणाका लागि तयारि नीति अवलम्व गरिनेछ। साथै पोषण परियोजना कार्यक्रम लगायतका पोषण कार्यक्रमहरुमा साझेदारी गरिनेछ।

१०९. महिला स्वास्थ्य स्वयं सेविकाहरुको बीमा नवीकरण तथा प्रोत्साहान कार्यक्रमको निरन्तरता गरिनेछ। साथै आमा समूह, खोप तथा गाउँघर क्लनिकमा सहयोग गरेवापत यातायात तथा संचार खर्चको व्यवस्थापन गरिनेछ।

११०. स्वास्थ्यमा हाल संचालनमा रहेका सबै किसिमका विद्युतीय अनलाईन प्रणालिहरु(eHMIS, DHIS-2, HMIS र pams V2) निरन्तरता गरिने छ। साथै संचालनमा रहेका अनलाईन सेवा प्राणालिलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाहरुमा थप डेस्टप, प्रिन्टर र सोलार व्याकपको व्यबस्थापन गरिनेछ।

१११. सुनौला हजार दिनका विपन्न महिलाको पोषणको सुधारको लागि आयआर्जन अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११२. हरेक वर्ष आवश्यकताको आधारमा आँखा शिविर, पाठेघरको क्यान्सर परीक्षण, मुटुरोग, मधुमेह तथा अन्य रोग सम्बन्धी निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

११३. मदिराजन्य, सुर्तीजन्य, लागुपदार्थ दुर्बेसन सम्बन्धी जनचेतनामूलक अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

११४. क्षयरोग मुक्त अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११५. "म स्वास्थ्य मेरो स्वास्थ्य" घरटोलमा स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

११६. मानसिक स्वास्थ्य प्रवर्द्धन तथा आत्महत्या रोकथाम सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

११७. नागरिक आरोग्य केन्द्रलाई आयुर्वेदिक स्वास्थ्य केन्द्रका रुपमा स्थापना गरिनेछ ।

११८. जडिबुटि संकलन तथा प्रशोधन कार्यलाई निरन्तरता दिई गुराँस जडिबुटी चियालाई Branding गरिनेछ ।

११९. कोभिड आइसोलेसन अस्पताललाई उत्पादन सहित आयुर्वेदिक अस्पताल बनाईने छ ।

१२०. योग ध्यान तथा साधना केन्द्र सञ्चालन गरिनेछ ।

## खानेपानी तथा सरसफाईः

१२१. एक घर एक धाराको नीतिलाई निरन्तरता दिइनेछ ।

१२२. निर्माणाधीन खानेपानी आयोजनाहरु समयमा नै सम्पन्न गरी चालु आयोजनाको मर्मत र स्तरोन्नती गरिनेछ ।

१२३. खानेपानी शुद्धता परीक्षण केन्द्र संचालन गरिनेछ ।

१२४. आवश्यक स्थानमा खानेपानी टंकी निर्माण गरिनेछ ।

१२५. खानेपानी तथा सरसफाई समन्वय समिति पुर्नगठन तालिम, साम्रागी वितरण गरिनेछ ।

१२६. खानेपानीको स्रोत नक्सांकन प्रणाली विकास गरी कार्यान्वयनमा ल्याईने छ र तथ्याङ्कलाई राष्ट्रिय सूचना व्यवस्थापन प्रणाली (N WASH) मा राखिने छ।

१२७. सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।

१२८. वातावरण संरक्षणका निमित्त गाउँघर सफाई र वृक्षारोपण अभियान विस्तार गरिनेछ ।

१२९. शौचालय तथा घरका फाहोरहरु जम्मा गर्ने, प्रशोधन गर्ने तथा डिस्पोज गर्ने कार्यक्रम विस्तार गरिनेछ ।

१३०. घरधुरी, निजी एवं सार्वजनिक प्रतिष्ठानहरूबाट विसर्जीत हुने फोहरमैला आदिलाई 5R (Recycle, Reduce , Replace, Reuse and Refuse ) को पद्दती अवलम्बन गरी दिगो सरसफाई कार्यक्रम विस्तार गरिनेछ ।

१३१. घरेलु फोहोर वर्गीकरण तालिमको व्यवस्था गरिनेछ ।

१३२. सरसफाई र स्वच्छाताको प्रवर्दन गर्न उत्कृष्ट योगदान गर्ने व्यक्ति संस्था पुरस्कृत गरिने छ ।

## युवा तथा खेलकुदः

१३३. “युवासँग स्थानीय सरकार विशेष कार्यक्रम” सञ्चालन गरिनेछ ।

१३४. नमूना युवा संसद अभ्यास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३५. वैदेशिक रोजगारीबाट फर्केका युवा लक्षित उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१३६. युवा क्लबको निर्माण तथा सकृय परिचालनलाई जोड दिइनेछ ।

१३७. प्रत्येक वडामा सीपमूलक तालिम (इलेक्ट्रिसियन, प्लम्बिङ, कम्प्युटर, मोबाइल मर्मत, ड्राइभिङ आदि) सञ्चालन गरिनेछ।

१३८. युवा उद्यमशीलता कोष स्थापना गरी सहुलियत ऋण उपलब्ध गराउने कार्यका लागि संघ र प्रदेश सरकारसंग समन्वय र सहकार्य गरिनेछ।

१३९. कृषि, पशुपालन तथा पर्यटन क्षेत्रमा युवालाई आकर्षित गर्ने विशेष कार्यक्रम ल्याइनेछ।

१४०. खेलकुद पूर्वाधार, खेल मैदान र खेलकुद सामग्री आपूर्तिलाई निरन्तरता दिइनेछ ।

१४१. एक वडा एक खेलकुद मैदान र हरेक विद्यालयमा खेलकुद मैदान निर्माण गरिनेछ ।

१४२. विकास कार्यमा युवा संलग्नता र परिचालन गरिनेछ ।

१४३. पालिकास्तरीय रनीङ्ग शील्ड प्रतियोगिता तथा गुराँस कपलाई निरन्तरता दिइनेछ ।

१४४. खुल्ला व्यायमशाला निर्माणलाई प्रोत्साहन गरिनेछ ।

## लैंगिक समानता सामाजिक समावेशीकरणः

१४५. एकल महिला आयआर्जन तथा स्वावलम्बन कार्यक्रम तालिमको व्यवस्था तथा एकल महिला कोष सञ्चालन गरिनेछ । एकल महिला सञ्जाल गठन गरि सक्रिय बनाउने । महिला समूह, समिति गठन तथा परिचालन गरिनेछ । साथै पालिकास्तरीय GEDSI Network गठन गरी सक्रिय बनाउने

१४६. महिला सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१४७. सासु—बुहारी अन्तरक्रिया ३ दिने कार्यक्रम सञ्चालन गरिनेछ ।

१४८. लैङ्गिक हिंसा विरुद्ध तथा संविधान, स्थानीय सरकार सञ्चालन ऐन, सूचनाको हक लगायत जेडसी क्षेत्र सम्बन्धित कानुनी व्यवस्थाहरुको सचेतीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१४९. लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिनेछ ।

१५०. अध्यक्ष, उपाध्यक्ष पाठशाला कार्यक्रम मार्फत हाम्रो छोरीको सुनौलो भविष्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१५१. सोसेक दैलेखको सहकार्यमा बालमैत्री स्थानीय शासन पालिका घोषणा गरिनेछ ।

१५२. ज्येष्ठ नागरिकहरुको सञ्जाल गठन गरी ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रकका साथै जेष्ठ नागरिक चौतारी कार्यक्रम सञ्चालन गर्ने ।

१५३. ज्येष्ठ नागरिकहरुको लागि दिवा सेवा केन्द्र स्थापना कार्यलाई निरन्तरता दिइनेछ।

१५४. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम आयोजना गरिनेछ ।

१५५. अपाङ्गता परिचय पत्र वितरण घुम्ती शिविर सञ्चालन गरिनेछ ।

१५६. दृष्टिविहिन भएका व्यक्तिहरुलाई screen reader software को व्यवस्था गरिनेछ ।

१५७. अपाङ्गता भएका व्यक्तिहरुको लागि सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

१५८. यौनिक तथा लैगिंक अल्पसंख्यक समुदायहरुका लागि दीगो सोच राखी समाजमा सम्मानजनक वातावरण सिर्जना गर्दै क्षमता विकास, सीप विकास तथा रोजगारीमा जोड्न खालका कार्यक्रम सञ्चालन गर्ने ।

१५९. लोपोन्मुख राउटे समुदायको संरक्षणका लागि परम्परागत सीपको व्यवस्थापन गर्दै आधारभुत आवश्यकता परिपुर्तिको ग्यारेण्टी गरिनेछ ।

१६०. दलित लक्षित कार्यक्रम गरिनेछ ।

१६१. बालविवाह न्यूनीकरण सम्बन्धी कानूनी सचेतना अभियान सञ्चालन गरिनेछ ।

**कला, भाषा, संस्कृति र सम्पदाः**

१६२. भाषा, कला र साँस्कृतिको संरक्षण र सम्वर्द्धन नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१६३. धर्म, भाषा, संस्कृति, कला, साहित्य र मौलिक परम्पराको विकासमा उल्लेखनीय योगदान गर्ने व्यक्तित्वहरूको नामबाट संरचनाहरू निर्माण गरिनेछ ।

१६४. ऐतिहासिक, प्राकृतिक एवम् पुरातात्विक सम्पदाहरुको मर्मत सम्भार तथा संरक्षण गरिनेछ ।

१६५. लोपोन्मुख हुन लागेका भाषाहरु संरक्षण गरिनेछ ।

१६६. विभिन्न जातजाति र भाषाभाषीको मौलिक एवम् परम्परागत धर्म, साँस्कृतिको संरक्षण र विकास गर्न खोज अन्वेषण गरिनेछ ।

१६७. गाउँपालिकामा आवश्यकता अनुसार मन्दिर र गुम्बाहरुको संरक्षण र स्तरोन्नति कार्य गरिनेछ ।

१६८. विभिन्न जातजातिका कला, संस्कृतिको जर्गेना गर्न संग्राहलयको स्थापना गरिनेछ ।

१६९. स्थानीय कला, भाषा, लिपि, लोक संस्कृतिको संरक्षणमा सम्बद्ध समुदायलाई उत्प्रेरित गर्न सहकार्य गरिनेछ ।

१७०. धार्मिक सम्पदाहरूलाई व्यवस्थापकीय सुधार गरी दीगो रूपमा सञ्चालन गरिनेछ ।

१७१. विभिन्न जातजातिसँग सम्बन्धीत मौलिक एवम् स्थानीय सामग्रीहरू उत्पादन र प्रवर्द्धन गरिनेछ ।

१७२. विभिन्न जातजातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रम तथा भिडियोहरु बनाउने र विद्यालय तथा सामुदायिक स्तरमा प्रदर्शन गरिनेछ ।

## भौतिक पूर्वाधार विकासः

### यातायात, सडक र पुलः

१७३. “गुराँस गौरव मार्ग” सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१७४. गाउँपालिका केन्द्रदेखि वडा केन्द्रसम्मको सडक सञ्जाल स्तरोन्नती र कालोपत्रे गर्न आवश्यक पहल गरिनेछ ।

१७५. मापदण्ड अनुसार गाउँपालिकाको आवश्यक स्थानमा बसपार्क र बसस्टपहरु निर्माण गरिनेछ ।

१७६. निर्मित सडक तथा यातायात गुरुयोजनाको कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

१७७. सियाकोट देखि पन्ध्र शैया अस्पताल कुमखोला हुँदै गुराँसे जोड्ने सडक निमार्ण तथा स्तरोन्नती कार्यलाई अगाडि बढाइनेछ ।

१७८. पर्यटन पदमार्गको सञ्चालन तथा लिङ्करोडको संभाव्यता अध्ययन गरिनेछ ।

१७९. आवश्यकताको आधारमा सबै महत्वपूर्ण क्षेत्रहरुमा मोटर पुल तथा झोलुङ्गे पुल विस्तार गरिनेछ ।

१८०. लालीखोला उगाडा विद्यालय गुराँस ७ मा झोलुंगे पुल निमार्ण कार्य अगाडि बढाइनेछ ।

१८१. पदमार्गहरुको स्तरोन्नती गरी सुरक्षित र व्यवस्थित बनाइनेछ ।

### सिंचाईः

१८२. परम्परागत सिंचाई प्रविधिहरुलाई बाह्रै महिना सिंचाई उपलब्ध हुन सक्ने गरी स्तरोन्नती गरिनेछ ।

१८३. सबै जीर्ण सिंचाईहरुको मर्मत संम्भार गरी नयाँ प्रविधियुक्त सिंचाईको सम्भाव्यता अध्ययन तथा कार्यान्वयन गरिनेछ ।

१८४. सिंचाई उपभोक्ता संस्थाको संस्थागत क्षमता विकास गरिनेछ ।

१८५. सिंचाई योजनाको सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउन नीतिगत कानुन तर्जुमा गरिनेछ ।

१८६. भूमि प्रयोग नक्सा, खेती अनुसार पानीको आवश्यकता र श्रोत पहिचान गरी सिंचाई गुरुयोजना निर्माण गरिनेछ ।

१८७. सुख्खा ग्रस्त क्षेत्र, कृषि पकेट क्षेत्र तथा कृषि फार्महरुमा आवश्यकता पहिचान गरी सिंचाईको व्यवस्था गरिनेछ ।

१८८. सिंचाई आयोजनाहरूको मुहान तथा तालतलैया र पोखरीको संरक्षण गरिनेछ ।

**भवन तथा ग्रामीण विकासः**

१८९. व्यवस्थित बस्ती विकासको लागि चक्लावन्दी कार्यक्रम सञ्चालन गरिनेछ ।

१९०. राष्ट्रिय भवन निर्माण आचारसंहिता पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

१९१. अव्यवस्थित रुपमा रहेको घाटलाई सुधार र व्यवस्थित बनाइनेछ ।

१९२. एक वडा एक बहुउद्देश्यीय पार्क निर्माण कार्यको थालनी गरिनेछ ।

**विद्युत तथा सौर्य उर्जाः**

१९३. गाउँपालिका केन्द्र, वडा केन्द्र विद्यालय, स्वास्थ्य चौकी र मुख्य बजार केन्द्रमा सौर्य बत्ती जडान गरिनेछ ।

१९४. लघु जलविद्युत आयोजनाको संभाव्यता अध्ययन गरी विद्युत आयोजनामा स्थानीय जनताको लगानी सुनिश्चित गरिनेछ ।

१९५. कृषि सहकारी आदिको सहकार्यमा ठूलो क्षमताको बायोग्यास प्लान्ट स्थापना गरी बायोग्यास तथा प्राङ्गारीक मल उत्पादन मार्फत कृषि तथा औद्योगिक क्षेत्रलाई प्रविधिमैत्री बनाइनेछ ।

१९६. राष्ट्रिय प्रसारण विद्युत सेवाको पहुँच विस्तार गरी सामुदायिक विद्युतीकरण कार्यक्रम मार्फत सबै गाउँ र टोलमा बाह्रै महिना विद्युत सेवा सुनिश्चित गरिनेछ ।

१९७.संघीय र प्रदेश सरकारको समन्वयनमा भरपर्दो विद्युत पोलहरु र सव स्टेसनहरुको निर्माण गरिनेछ ।

१९८.समस्याग्रस्त क्षेत्रमा ट्रान्सफर्मरको क्षमता वृद्धि गर्ने कार्य अगाडि बढाइनेछ।

१९९.लो-भोल्टेज समस्या समाधानका लागि नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी आवश्यक पूर्वाधार विस्तार गरिनेछ।

२००. सौर्य ऊर्जालाई प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

२०१.विद्युत प्राविधिक र वित्तीय व्यवस्थापन सुनिश्चित गरिनेछ ।

२०२. उपयुक्त Software मार्फत विद्युतको Billing System लाई आधुनिक र विश्वसनीय बनाइनेछ ।

## सूचना तथा सञ्चार प्रविधिः

२०३.गाउँपालिकाको आवश्यकता अनुरुप सूचना तथा सञ्चार नीति तर्जुमा गरिनेछ ।

२०४. नागरिकमा Digital Literacy बढाउन वडाहरूसँग सहकार्य मार्फत् तालिम र अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२०५.हरेक सरकारी कार्यालय र सामुदायिक भवनहरुमा सूचना प्रविधि पूर्वाधार विकास गरिनेछ ।

२०६.सबै भेगमा मोबाइल डाटाको गुणस्तर वृद्धिका लागि आवश्यक पूर्वाधार विकासमा सहजीकरण गरिनेछ ।

२०७.सुविधायुक्त टेलिसेन्टरहरूको विकास गरिनेछ ।

२०८. सूचना प्रविधिसँग सम्बन्धित प्राविधिक जनशक्तिलाई तालिम गराई उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

२०९.गुराँस एफ.एम सञ्चालनको लागि सहज वातावरण निर्माण गरिनेछ ।

२१०.सूचना तथा सञ्चार माध्यमहरूको सघन घनत्व व्यवस्थापन गर्ने र त्यस्ता माध्यमहरूलाई प्रोत्साहन गरिनेछ ।

२११. सबै विद्यालयहरूमा आधुनिक सूचना प्रविधि अध्ययन कक्षा स्थापना गरिनेछ ।

२१२. पालिकाको सूचना तथा प्रविधिसंग सम्बन्धित डाटा तथा तथ्यांक भण्डार क्षमता वृद्धि गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापनः

### वन तथा जैविक विविधताः

२१३. कम्तीमा १० लाख भन्दा माथिका सबै आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनका मापदण्ड बमोजिम अध्ययन गरिनेछ ।

२१४. विशेष संरक्षण क्षेत्र छुट्ट्याई वनमा आश्रित वन्यजन्तु तथा जडिबुटीको पहिचान तथा संरक्षण गरिनेछ ।

२१५. विभिन्न व्यवस्थापन प्रणालीबाट उत्पादित काठजन्य वस्तु र जडीबुटीको उत्पादन, प्रशोधन र उपयोगमा विविधिकरण र प्रविधि विकास गरी नयाँ रोजगारी र उत्पादनका क्षेत्र सिर्जना गरिनेछ ।

२१६. बृहत वृक्षारोपण र वन विकास कार्यक्रम मार्फत एक वडा एक उद्यान पार्क निर्माण कार्य सञ्चालन गरिनेछ ।

२१७. जडिबुटी तथा अन्य उच्च मूल्यका मसलाजन्य उत्पादनमा जोड दिइनेछ ।

२१८. वन पैदावार उपयोग तथा जैविक विविधता र वातावरण सम्बन्धी नीति, कानुन, योजना तर्जुमा कार्यान्वयन नियमन तथा अनुगमन गरिनेछ ।

२१९. खानी तथा खनिज पदार्थहरूको पहिचान तथा वातावरणीय जोखिम न्यूनीकरण उपाय अवलम्बन गरी सञ्चालन, व्यवस्थापन तथा उपयोग गरिनेछ ।

२२०. वनमा आधारित प्राकृतिक फलफुल खेति विस्तार गरी बजारीकरण मार्फत स्वरोजगार बनाईने छ ।

२२१. उच्च प्रविधिको नर्सरी प्रवर्द्धन गरिनेछ ।

**भूमि तथा जलाधार संरक्षणः**

२२२. जलाधार क्षेत्रहरू संरक्षण तथा उपयोग गर्ने नीति तयार गरिनेछ ।

२२३. समुदायमा आधारित जलवायु परिवर्तन अनुकूल कार्यक्रम सञ्चालन गरिनेछ ।

२२४. गाउँपालिका क्षेत्रभित्र रहेका जलाधार क्षेत्रहरु पहिचान, नक्सांकन, संरक्षण एंव सहभागितामूलक व्यवस्थापन गरिनेछ ।

२२५. पानीका मुहान संरक्षणका लागि प्राकृतिक रिचार्ज पोखरी निर्माण, पुर्वाधार निर्माणमा मुहान संरक्षणमा जोड दिइने छ।

२२६. वर्षे पानी संकलन गर्ने संरचना निर्माण गर्ने नीति अवलम्बन गरिनेछ ।

२२७. विभिन्न खोलाबाट हुने कटानलाई नियन्त्रण गर्न आवश्यकता अनुसार गुरु योजना बनाई कार्यान्वयन गरिनेछ ।

२२८. जलवायु उत्पन्न प्रकोप व्यवस्थापन गर्न पूर्वतयारी तथा सचेतना निर्माण गर्ने कार्य गरिनेछ ।

२२९. प्रकोप नक्सांकन तथा जोखिम न्यूनीकरण गरिनेछ ।

२३०. विपद व्यवस्थापन तथा जलवायु अनुकुलनका लागि आवश्यक नीति निर्माण गरी कार्यान्वयन गरीने छ ।आपतकालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालनमा ल्याइनेछ ।

२३१. यस वर्ष भूमि समस्या समाधान आयोगसंग जोडिएका सुकुम्वासी, अव्यस्थित वसोवास भूमिहीन दलित सुकुम्वासी र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्न संघीय सरकारले लिएको नीति अनुरुप वडास्तरमा संकलन गरिएका निवेदन उपर निष्पक्ष छानविन गरि स्थानीय तहले गर्नपर्ने सबैकार्यको फछ्र्यौट गरिने छ ।

२३२. गाउँपालिका क्षेत्र भित्र अतिक्रमण भएका वन क्षेत्र , सार्बजनिक जग्गा ऐलानी क्षेत्र लगाएत सवै सरकारी जग्गाका संरक्षण गर्ने निती अवलम्वन गरिने छ ।

२३३. गाउँपालिका, वडा कार्यालय, विद्यालय, स्वास्थ्य चौकि सहकारी संघ संस्था लगाएत सवै प्रकारका सरकारी, सार्वजनिक कार्यालय लगाएतका नाउमा ल्याउन पर्ने जग्गा को लगत तैयार गरी आफ्नो स्वामित्वमा ल्याईने छ ।

२३४. गाउँपालिका क्षेत्र भर मालपोत कर वढि भएको भन्ने जनगुनासो लाई मद्य नजर गरि राजस्व समायोजनाका लागी आवश्यक पहल गरिने छ भने पालिका क्षेत्र भरका सडक वाटोको लगत कट्टा गर्न आवश्यक पहल गरिने छ ।

**वातावरण तथा स्वच्छताः**

२३५. वातावरणीय मूल्याङ्कन आवश्यक हुने उद्योग तथा पूर्वाधारको नीति तथा मापदण्ड तयार गरिनेछ ।

२३६. वातावरणीय चेतना, फोहोरमैला व्यवस्थापन र शैक्षिक तथा जनचेतना कार्यक्रम तिव्र बनाइनेछ ।

२३७. प्रदुषण मापदण्ड, शुल्क तथा जरिवाना लागू गरिनेछ ।

२३८. हरेक घरको दिशाजन्य लेदो व्यवस्थापन (Faecal Sludge Management) को लागि सेफ्टी ट्याङ्की सहित पिट होललाई अनिवार्य गराईनेछ र खुला दिशामुक्त रणनीतिलाई निरन्तरता दिइनेछ।

२३९. पर्यटकीय पार्कहरुमा फोहोर विसर्जनका विभिन्न विधिहरु मार्फत फोहोर व्यवस्थापन गरिने छ ।

२४०. फोहरमैला व्यवस्थापनका लागि पि.पि.ई मोडल प्रयोग गरिनेछ ।

२४१. प्लाष्टिक प्रयोग निरुत्साहित गर्नका लागि सफा झोला कार्यक्रम सञ्चालन गरिनेछ ।

२४२. गोवर ग्याँस, सुधारिएको चुलो, विद्युतीय चुलो जस्ता कम खर्चिला तथा वातावरणीय रुपमा अनुकुल प्रविधिको प्रयोग गरिनेछ ।

**महामारी तथा विपद् व्यवस्थापनः**

२४३.विपद् जोखिम पूर्वानुमान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी पूर्वाधार, जनशक्ति क्षमता र सूचना प्रणालीको विकास गरिनेछ ।

२४४. गाउँपालिकामा विपद् व्यवस्थापन नीति, रणनीति तयार गरी कार्यान्वयन गरिनेछ ।

२४५. खुला क्षेत्रको पहिचान, अभिलेखाङ्कन तथा व्यवस्थापन कार्य गरिनेछ ।

२४६.नागरिकमैत्री सुरक्षा सेवा सुदृढ गरी जोखिम व्यवस्थापन र न्यूनीकरणको लागि सार्वजनिक, निजी तथा सामुदायिक लगानी वृद्धि गरिनेछ ।

२४७. जोखिम क्षेत्र पहिचान गरी जोखिम नक्सा होडिङ बोर्ड राखिनेछ ।

२४८. विपद् व्यवस्थापन समितिलाई उचित तालिमको व्यवस्था गरिनेछ ।

२४९. वडास्तरीय विपद प्रतिकार्य क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरी युवा स्वयंसेवक दल तयार गर्न सहजीकरण गरिनेछ ।

२५०.विपद् सम्बन्धी विद्यालय स्तरीय सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

२५१.विपद् पछिको पुनर्स्थापनाको लागि उद्धार सामग्री, कोष, उद्धार संयन्त्र र प्रविधिको विकास गरिनेछ ।

२५२.निर्मित भू—उपयोग नीतिका माध्यमबाट जोखिम क्षेत्रको पहिचान गरिनेछ ।

२५३.जोखिममा रहेका वस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने योजना निर्माण गरिनेछ ।

२५४. बाढी, पहिरो, भू—क्षय र खोला कटान नियन्त्रण गरिनेछ ।

<u>**सुशासन तथा संस्थागत विकासः**</u>

**सुशासन, क्षमता विकास तथा सेवा प्रवाहः**

२५५.गाउँ कार्यपालिकाको भवन तथा वडा कार्यालय भवनहरुको निर्माण, मर्मत संभार तथा स्तरोन्नती गरिनेछ ।

२५६. गाउँपालिका भवनका लागि आवश्यक जमीन गाउँपालिकाको नाममा नामसारी र भवनको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिनेछ ।

२५७. आवश्यक विधि र कानुनहरुको निर्माण गरी संस्थागत कार्यप्रणालीको स्थापना कार्यलाई निरन्तरता दिइनेछ ।

२५८. संगठन तथा व्यवस्थापन अध्ययन गरी गुणस्तरीय सेवाप्रवाह र विकास निर्माण कार्यलाई गति दिन संगठनात्मक पुर्नसंरचना गरिनेछ ।

२५९. दरबन्दी अनुसार कर्मचारीहरुको पद पूर्ति गरिनेछ ।

२६०. कानुनको मस्यौदा निर्माणमा बस्ती स्तरको छलफल र विषयगत समिति, उपसमिति हुँदै कार्यपालिका तथा सभाको सबै प्रक्रिया पुरा गरिनेछ । कार्यपालिकाले गठन गरेका विकास समिति र वडा समितिहरुलाई काम, कर्तव्य र दायित्व र कानून निर्माण सम्बन्धमा अभिमुखिकरण गरिनेछ । साथै सभाले गठन गर्ने संसदीय समितिलाई समेत संसदीय अभ्यासका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

२६१. कर्मचारी र पदाधिकारीहरुको क्षमता विकास गरिनेछ ।

२६२. गाउँपालिकाको वेवसाइट नियमित रुपमा अध्यावधिक गरिनेछ ।

२६३. कर्मचारीको कार्यसम्पादनस्तरलाई सुधार गर्न कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गरिनेछ।

२६४. सेवा प्रवाहका हरेक चरणमा प्रविधिको उपयोग तथा विस्तार गरी सेवा प्रवाहलाइ सरलीकरण गरिनेछ।

२६५. गाउँपालिकाबाट उपलब्ध हने सेवाहरु असहाय, अपाङ्ग बद्ध एवम दृष्टिबिहिन सबै प्रकारका फरक क्षमताका नागरिकले प्राप्त गर्नेगरी नागरिकमैत्री वातावरणको व्यवस्था मिलाइनेछ।

२६६. पार्दशिता तथा शुसासको लागि पालिकासँग सम्बन्धित सूचनालाइ विद्युतीय सञ्चार माध्यमबाट सार्वजनिकरण गरिने छ। राजपत्रको नियमित प्रकाशन व्यवस्था मिलाइनेछ। गाउँपालिकाका नीति तथा कानुनहरु सबै वेवसाइटमा प्रकाशित गरिनेछ।

२६७. स्थानीय विकास संरचना तथा सेवा प्रवाहको मापदण्डहरु तयार गरी कार्यान्वयन गरिनेछ ।

२६८. नागरिक वडापत्रलाई अध्यावधिक गरी डिजिटल नागरिक वडापत्र कार्यान्वयनमा ल्याइनेछ ।

२६९. गुनासो सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टी जस्ता नागरिक उत्तरदायी संयन्त्रहरुलाई प्रभावकारी बनाइनेछ । नागरिकका गुनासा, सुझाव तथा उजुरीहरूको सुनुवाइ र समाधानका लागि व्यवस्थित गुनासो व्यवस्थापन प्रणाली लागू गरिनेछ।

२७०. बजेट, कार्यक्रम तथा कार्यप्रगतिहरुको नियमित रुपमा सार्वजनिक गरिनेछ ।

२७१. अन्तर तह तथा अन्तर निकाय समन्वय प्रभावकारी बनाइनेछ ।

२७२. "नमस्ते गुराँस" मोबाइल एप सञ्चालन गरी स्थानीय गुनासो सुन्ने, पृष्ठपोषण लिने र व्यवस्थापन गर्ने प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ ।

२७३. बेरुजुको विवरण सहितको वार्षिक प्रतिवेदन सभाको अर्थ तथा सार्वजनिक लेखा समितिमा प्रस्तुत गरिनेछ ।

२७४. अनुगमन कार्ययोजनाको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२७५. नतिजामा आधारित सूचकहरु निर्माण गरी सूचकमा आधारित अनुगमन प्रणाली स्थापना गरिनेछ ।

२७६. आयोजनागत रुपमा अनुगमनको जिम्मेवारी तोकी नियमित अनुगमन प्रतिवेदन प्राप्त हुने व्यवस्था मिलाइनेछ ।

२७७. वस्तुगत विवरण तयार गर्दा प्राकृतिक श्रोत र सेवा सुविधाहरुको पहुँच सहितको श्रोत नक्साहरु तयार गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ ।

२७८. वस्तुगत विवरण र श्रोत नक्साहरुलाई विद्युतीय प्रणालीमा आबद्ध गरिनेछ ।

२७९. गाउँपालिकाका महत्त्वपूर्ण कागजात, निर्णय, योजनाहरू तथा प्रशासनिक अभिलेखहरूको सुरक्षित संरक्षण तथा डिजिटल अभिलेखीकरण प्रणाली विकास गरिनेछ।

२८०. भौगोलिक, सामाजिक, आर्थिक, संस्थागत, लैङ्गिक लगायतका विषय क्षेत्रका खण्डीकृत तथ्याङ्क सहितको वस्तुगत विवरण तयार गरि गाउँपालिकाको वेवसाइडमा राखिनेछ ।

२८१. मेट्रिक सिस्टममा घर नम्बरिङ्ग तथा ल्यान्ड डिजिटलाईजेसन कार्य अगाडि बढाइनेछ गरिनेछ ।

**लेखाङ्कन, राजश्व परिचालन तथा वित्तीय अनुशासनः**

२८२. लेखा परीक्षण र वित्तीय व्यवस्थापन सम्बन्धी निकायको संस्थागत सुदृढीकरण गरी राजश्व परिचालनको क्षमता वृद्धि गरिनेछ ।

२८३. सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी खरिद योजना कार्यविधि तयार गरिनेछ ।

२८४. आन्तरिक आयको श्रोत पहिचान र श्रोतको बढोत्तरी गरिनेछ ।

२८५. चुस्त दुरुस्त लेखा प्रणाली विस्तार गर्ने र अन्तिम लेखा परीक्षणबाट देखिएका वेरुजु फछ्र्यौट कार्य गरिनेछ ।

२८६. उपभोक्ता समिति मार्फत गर्ने भनी खरिद विधि छनौट भएका योजनाहरुको कार्यान्वयनका लागि प्रत्येक आर्थिक वर्षको श्रावण मसान्त भित्र प्रचलित कानुन बमोजिम उपभोक्ता समिति गठन गर्न प्रोत्साहन गरिनेछ ।

२८७. नागरिकलाई कर तिरेको प्रत्याभुति गराई नागरिकलाई करको दायरामा ल्याउने कार्य गरिनेछ ।

२८८. शून्य वेरुजु नीतिलाई सहयोग पुऱ्याउने आवश्यक कानूनी संरचना निर्माण गरिनेछ ।

२८९. गाउँपालिकाको राजश्व सुधार सम्भाव्यता अध्ययन गरिनेछ ।

२९०.SUTRA प्रणालीमा आवद्ध रहेको गाउँपालिकाको वित्तीय कारोवारलाई व्यवस्थित गरिनेछ ।

२९१.राजश्वको दायरालाई बढाउने र दरलाई न्यूनीकरण गर्ने नीति निर्माण गरिनेछ ।

२९२.कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्दै वित्तीय अनुशासन, जवाफदेहिता, पारदर्शिता तथा सुशासनका सिद्धान्तहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।

२९३. विगत समयदेखि प्रयोगमा नआउने भइ गोदाममा रहेका जिन्सी सामानहरु कानुन अनुसार लिलाम प्रक्रिया अगाडि बढाइ जिन्सी व्यवस्थापनमा प्रभावकारिता ल्याइनेछ ।

२९४. खरिद प्रणालीलाई थप प्रभावकारि वनाउन विधुतिय ठेक्का प्रणालीलाई पूर्ण रुपमा अवलम्बन गरी उपभोक्ता र पटके खरिदलाई निरुत्साहित गरिनेछ।

२९५.गाउँपालिकाका सबै सरकारी कार्यालयहरुमा सरकारी सम्पत्तिको उपयोग संरक्षण र दिगोपनालाई आधार मानि सम्वद्ध कर्मचारी तथा जनप्रतिनिधिलाई पुरस्कारको व्यव्था गरिनेछ।

**गाउँ सभाका प्रमुख अतिथि ज्यू,**

**आदरणीय गाउँ सभाका सदस्य ज्यूहरु,**

उपरोक्त नीति कार्यक्रमको आधारमा यस पालिकास्तरमा निम्न लिखित गौरवका योजनाहरु रहेको यस सम्मानित सभामा जानकारी गराउदछु ।

१. एक घर एक धारा (घर घर धारा गुराँस सरकारको अविभारा) ।

२. पूर्ण स्वरोजगार गाँउपालिका/एक घर एक रोजगार कार्यक्रम ।

३. भौतिक विकास र मानव विकाससंगै, दीगो विकास लक्षित नीति, कार्यक्रम र बजेट ।

४. पूर्ण सरसफाई र खानेपानी सम्पन्न पालिका

५. पूर्ण विद्युतीकरण गाँउपालिका ।

६. एक वडा एक उद्योग कार्यक्रम ।

७. एक टोल एक उत्पादन कार्यक्रम ।

८. टोल विकास संस्थासंगै श्रम सहभागिता ।

९. गुराँस गौरव मार्ग सम्पन्न गर्ने ।

१०. कृषि विकास तथा अनुसंधान केन्द्रसंगै टिस्यू कल्चर ल्याब संचालन ।

११. गाउँपालिको वहुउद्देश्यीय प्रशासकीय भवन स्थापना ।

१२. शून्य भ्रष्टाचार र वेरुजु नियन्त्रण ।

१३. १५ शैया अस्पतालको संचालन ।

१४. आयुर्वेद अस्पताल सञ्चालन ।

१५. योगा हल तथा हेल्थ सेण्टर ।

१६. खुल्ला व्यायमशाला निर्माण ।

१७. डिजिटल गाँउपालिका तथा लेस पेपर कार्यालय ।

१८. राउटेको स्थायी नमुना वसोवास व्यवस्था ।

१९. बालमैत्री स्थानीय शासन पालिका घोषणा ।

प्रस्तुत नीति तथा कार्यक्रमले ***"सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार"*** नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई सबैको संयुक्त प्रयास, समन्वय, सहकार्य

र अपनत्व बोधबाट प्रस्तुत नीति तथा कार्यक्रम गराँसको विकासमा कोशेढुंगा साबित हुनेछ । गुराँस गाउँपालिकाको समग्र विकासको आधार तय गर्ने यो नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनुहुने  प्रमुख अतिथि ज्यू, गाउँपालिका उपाध्यक्ष ज्यू, बिषयगत समिति, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, युवा, अग्रज व्यक्तित्व, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, स्थानीय सामाजिक संघ संस्था, विकास साझेदार लगायत आम गुराँसवासीप्रति धन्यवाद ज्ञापन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद,   नमस्कार!

जय गुराँस !

टोप बहादुर बि सी

गाउँपालिका अध्यक्ष